Ref No : 03-ADM-07-FY24

मिति: २०८०/०४/०१

श्री पशु सेवा शाखा,
बिरेन्द्रनगर नगरपालिका/भेरीगंगा नगरपालिका/बराहाताल गाउपालिका सुर्खेत ।
दुल्लु नगरपालिका/भैरबी गाउपालिका/भगवतीमाई गाउपालिका/नौमुले गाउपालिका दैलेख ।
धनगढी उप महानगरपालिका/गोदावरी नगरपालिका/चुरे गाउपालिका कैलाली ।
बडीकेदार गाउपालिका/जोरायल गाउपालिका डोटी ।
अमरगढी नगरपालिका/आलीताल गाउपालिका डडेलधुरा ।

**विषयः सूचना टाँस गरी दर्खास्त संकलन गरी दिने बारे ।**

उपरोक्त विषयमा यसैसाथ संलग्न जलवायु-उत्थानशील पशुपालनका क्रियाकलापहरूको कार्यान्वयनको लागि परियोजना भित्रका समूहहरुमा परिचालन गर्न ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताबाट दर्खास्त आवहान गरेको सूचना त्यस शाखा तथा संबन्धित वडाहरुमा टाँस गरी नियमानुसार प्राप्त भएका दर्खास्तहरु संकलन गरी सहयोग गरी दिनु हुन अनुरोध गरिन्छ ।

HEIFER PROJECT NEPAL

मिति: २०८०/०४/०१

सुचना ! सुचना !! सुचना !!!

GIZ/GRAPE को आर्थिक सहयोगमा हेफर प्रोजेक्ट नेपालले गोदावरी नगरपालिका कैलालीको समन्वय र स्वीकृतिमा सो पालिकाको वार्ड नं. ४ मा संचालन गर्ने GRAPE परियोजना अन्तरगत **"Building Resilience Through Climate-Resilient Livestock Farming In Western Nepal"** मा प्रस्तावित जलवायु-उत्थानशील पशुपालनका क्रियाकलापहरूको कार्यान्वयन गर्ने परियोजना भित्रका समूहहरुमा कृषकहरुलाई दिगो रुपमा पशुपालन तथा पशु स्वास्थ्य संग सम्बन्धित बिभिन्न सेवा प्रवाहको सुनिश्चितताका लागि परिचालन गर्न ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता (VAHW) एक जना आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रितपुर्वक दरखास्त पेश गर्न सूचित गरिन्छ ।

**आवश्यक न्युनतम योग्यता तथा मापदण्डहरू:**

१) ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकता तालिम प्राप्त गरी सम्बन्धित पशु सेवा शाखा वा साविक जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।
२) सम्बन्धित गाउ/नगरपालिका वा वडामा स्थायी बसोबास भएको ।
३) कम्तिमा २० बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको महिला वा पुरुष ।
४) आफैले व्यवसायिक रुपमा कृषि तथा पशुपालन उद्यम गरिरहेको ।
५) पशुपालन तथा पशु स्वास्थ्य सेवा प्रवाह गरिरहेको ।

**दरखास्त दिने विधि :**

आवेदकले तोकिए बमोजिम कागजात सहित गोदावरी नगरपालिकाको पशु सेवा शाखामा दरखास्त पेश गर्न सकिनेछ । हेफर प्रोजेक्ट नेपालले पूर्ण वा आंशिक कुनै पनि आवेदन बिनाशर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ ।

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ ।

**दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरु :**

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
(२) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
(३) तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
(४) दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
(५) स्थाई लेखा नं. को प्रमाण पत्रको प्रतिलिपी ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/०४/०७ गते कार्यालय समय भित्र दखास्त पेश गरी सक्नु पर्ने छ । यदि सो दिन सार्वजनिक बिदा परेमा त्यस लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय खुल्ने समय भित्र ।

**नोट : रित नपुगेका वा म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।**

HEIFER PROJECT NEPAL